**Tribhuvan University Journal**
**Vol. 37, No. 1: 111-124, June, 2022**
**Research Directorate, Tribhuvan University (TU),**
**Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/tuj.v37i1.48298

# समयका सम्भावनाहरू निबन्धसङ्ग्रहमा राष्ट्रिय चेतना

***चन्द्रप्रसाद ढकाल***

*उपप्राध्यापक, ठाकुरराम बहुमुखी क्याम्पस, त्रिवि, वीरगञ्ज ।*
*इमेल: chandra.dhakal@trmc.tu.edu.np*

## लेखसार

*समयका सम्भावनाहरू* (२०५९) निबन्धसङ्ग्रहका लेखक श्रीओम श्रेष्ठ 'रोदन' हुन् । उनले यस सङ्ग्रहभित्रका निबन्धहरूमा नेपाली समाज र नेपाली जनमानसको जीवनपद्धतिलाई चित्रण गरेका छन् । उनले यस सङ्ग्रहमा नेपाली समाजले भोगिरहेका समस्या, मानसिकता, व्यवहार तथा ती व्यवहारहरूका कारणले उत्पन्न हुँदै गएका समस्याहरूलाई प्रस्तुत गरेका छन् । उनका अधिकांश निबन्धहरूमा राष्ट्रिय चेतना तथा चिन्तन प्रबल रूपमा रहेको पाइन्छ । राष्ट्रिय चेतना विभिन्न माध्यमबाट प्रस्तुत भए पनि यस अध्ययनमा औपनिवेशिक मानसिकताबाट मुक्तिको कामना, न्यायपूर्ण समाज निर्माणको चेतना, राष्ट्रिय प्रकृतिप्रतिको प्रेम, विस्तारवादी हस्तक्षेप विरुद्धको चेतना र आन्तरिक द्वन्द्व विरुद्धको चेतना, जातीय तथा भौगोलिक एकत्वको भावना आदिलाई अध्ययनको आधार बनाइएको छ । यस अध्ययनमा उल्लिखितबाहेक अन्य राष्ट्रिय चेतनाका पक्षहरूबाट कृतिको विश्लेषण गरिएको छैन । उल्लिखित उपशीर्षकहरू राखी निगमनात्मक विधिद्वारा विश्लेषण गरिएको यस अध्ययनमा श्रीओम श्रेष्ठ 'रोदन' का निबन्धहरू राष्ट्रिय चेतनाले भरिएका छन् भन्ने निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी** : मानसिक औपनिवेशिकता, विस्तारवादी हस्तक्षेप, आन्तरिक द्वन्द्व, भौगोलिक एकत्व, राष्ट्रियता ।

## विषयपरिचय

श्रीओम श्रेष्ठ 'रोदन' नेपाली साहित्य इतिहासका बहुमुखी प्रतिभाका धनी व्यक्ति हुन् । उनी नेपाली साहित्यका विविध विधामा सक्रिय रहेका छन् । साहित्य पत्रकारिता क्षेत्रमा लामो अनुभव सम्हालेका श्रेष्ठ सम्पादक, कवि, निबन्धकार तथा आख्यानकारका रूपमा परिचित छन् । यी विविध विधामा संलग्न रहे पनि उनको प्रसिद्धि भने निबन्ध विधामा रहेको छ । श्रीओमका *अर्थहीन अर्थहरू* (२०५४), *संवेदनाका स्वरहरू* (संयुक्त लेखन (२०५४) *समयका सम्भावनाहरू* (२०५९), *समुन्द्रपारि समुद्रवारि* (२०६०), *नबिर्सने दिनहरू* (२०६२), भनौं कि नभनौं(२०७४) निबन्ध सङ्ग्रहहरू प्रकाशित छन् । यिनका निबन्धहरूले नेपाली

समाजका समसामयिक विषयवस्तुहरूलाई उठाएका छन् । उनी आफ्ना निबन्धमा समाजमा देखापरेका विविध समस्या तथा अमिल्दा विषयप्रति चिन्ता प्रकट गर्छन् ।

राष्ट्र तथा राष्ट्रियतासँग सम्बन्धित विषयलाई केन्द्रमा राखी लेखिएका रचनाहरूलाई हामी राष्ट्रवादी भनेर चिन्छौँ । 'राष्ट्र' शब्दलाई सूक्ष्मरूपमा चिनाउनु पर्दा बहुजातीय सहिष्णुता, अन्तर्वर्गीय समानता र विभिन्न परम्परामा हुर्केका भिन्नभिन्न मतालम्बीहरूका बीचको समझदारीले उत्पन्न भावनात्मक एकताका गठबन्धनको समष्टिगत सङ्गठन हो भन्नुपर्छ (उप्रेती २०४६, पृ. १२) । बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक तथा बहुभाषिक जनताको एकता नै राष्ट्रियता हो । राष्ट्रियताप्रति सचेत रहेर स्वाभिमानी राष्ट्र निर्माण गर्नु राष्ट्रवाद हो (घिमिरे २०६६, पृ. ९७) । राष्ट्रभित्र हुर्किएका विभिन्न भावनाहरूको समष्टिगत रूपलाई हामी राष्ट्रवाद भन्न सक्छौँ । राष्ट्रियता तथा राष्ट्रका बारेमा प्रकट गरिएका भावनाहरूलाई राष्ट्रिय चेतना भनेर बुझिन्छ । यस अध्ययनमा श्रीओम श्रेष्ठको *समयका सम्भावनाहरू* निबन्ध सङ्ग्रहमा अन्तर्निहित विविध राष्ट्रिय चेतनाहरूको पहिचान र विश्लेषणबाट उपयुक्त निष्कर्ष निकालिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा श्रीओम श्रेष्ठको *समयका सम्भावनाहरू* निबन्धसङ्ग्रहमा रहेका शब्द, वाक्य, अनुच्छेद तथा निबन्धांशलाई प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ । राष्ट्रिय चेतनाको सैद्धान्तिक अवधारणालाई आधार मानी अध्ययन गरिएको हुनाले यस अध्ययनमा द्वितीय स्रोतबाट नेपाली साहित्य सिद्धान्तसँग सम्बन्धित विविध पत्रपत्रिका, इन्टरनेट तथा पुस्तकहरूबाट राष्ट्रियतासँग सम्बन्धित आधारहरूको खोजी गरिएको छ । त्यसै गरी यो निबन्धसङ्ग्रह तथा निबन्धकारका बारेमा गरिएका टीकाटिप्पणीहरू पनि द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ। यस्ता सामग्रीको सङ्कलनको स्रोत पुस्तकालयलाई बनाइएको छ । यस अध्ययनमा सामग्री विश्लेषणका लागि राष्ट्रिय चेतनासँग सम्बन्धित यस अघिका अध्ययनमा विकसित भएका अवधारणाहरूलाई नै मुख्य आधार मानिएको छ र तिनै सैद्धान्तिक अवधारणाका आधारमा निगमनात्मक विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई अर्थापन गरिएको छ ।

### राष्ट्रिय चेतनासम्बन्धी सैद्धान्तिक आधार

राष्ट्रिय चेतनाको सन्दर्भमा प्रवेश गर्नु पूर्व राष्ट्र तथा राष्ट्रियतासम्बन्धी परिचित हुनु आवश्यक छ । निश्चित भूप्रदेशमा सीमाबद्ध खास राज्य सरकारका मान्यतामा संलग्न विविध भाषा-भाषी र संस्कृति भएको अनेक जातिका जनसमुदायको सार्वभौम सत्तालाई राष्ट्र मानिएको छ । राष्ट्र र त्यसका सम्पूर्ण आन्तरिक र बाह्य पक्षमा गरिने सद्भावपूर्ण सहयोग, ममतापूर्ण आस्था र विश्वास नै राष्ट्रवाद हो (अर्याल २०५७, पृ. २२५) । राज्य,

राज्यको पद्धति र उक्त पद्धतिले राष्ट्रका तमाम जनसमुदायमा पारेका सकारात्मक र नकारात्मक प्रभावको अन्तर्बाह्य सम्बन्ध नै राष्ट्रिय चेतना हो (ढकाल २०७५, पृ. २३) । यसमा आम जनसमुदायले समयानुकूल अनुभव गरेको समान भावना पर्दछ ।

राष्ट्रिय चिन्तन राष्ट्रिय समस्यालाई केन्द्रबिन्दुमा राखेर देश र जनताको भलाइ, सुरक्षा र विकासका निम्ति गरिने चिन्तन हो । त्यस चिन्तनमा समयअनुसारको वैज्ञानिकता हुन्छ, हुन्छ । यदि कुनै बुद्धिजीवी भनाउँदो नागरिक व्यक्तिगत, सीमित र विदेशीको स्वार्थका निम्ति सोच्दछ भने त्यस व्यक्तिको चिन्तन राष्ट्रिय होइन (पोखरेल २०५७, पृ. १११) । राष्ट्रिय चेतनाले त राष्ट्रसम्बन्धी पीर, वेदना, उल्लास, चिन्ता, एकत्वको भावना आदि अभिव्यक्त गरेको हुन्छ ।

राष्ट्रिय चिन्तन प्रत्येक सजीव व्यक्तिको श्वास, प्रश्वासमा रहेको हुन्छ । आफ्नो मृत्यु पश्चात् पनि यसको समृद्धिको कामना गरिन्छ, आफूलाई हराएर पनि आफ्नो राष्ट्रलाई अक्षुण्ण राख्ने अभिलाषा हुन्छ (गोमा २०४६, पृ. ६१) । राष्ट्रिय चिन्तनको स्वरूप व्यापक हुने गर्दछ, यतिसम्म कि यो आफ्नो मृत्यु भए पनि राष्ट्रको भलो होस् भन्ने सोचिन्छ । राष्ट्रियता एकदमै कोमल र संवेदनशील समाज र राष्ट्रलाई एक ठाउँमा बाध्ने काँचो धागोको रूपमा रहेको हुन्छ । यसले एकता सिर्जना गर्छ । तरल राजनीतिक स्थिति भएको अवस्थामा यस भावनालाई गलत रूपमा प्रयोग गरी राजनीतिक स्वार्थ पूरागर्ने काम हुनेहुँदा राष्ट्रियताले साम्प्रदायिक र विखण्डनवादलाई समेत ल्याउन सक्ने हुनाले यसमा सतर्कताको आवश्यकता हुन्छ (सिवाकोटी २०६४ पृ. २५) ।

कृष्ण गौतम (२०५६) ले कविताको विश्लेषणका सन्दर्भमा जसमा सगरमाथाको काखको छाया, गण्डकीको गति, कोशीको कलकल, कर्णालीको कलवर छ र जहाँ पहाडको सिलोबाटो, पहाडमाथि श्रम र सीप खन्याउने जाति भएको कवितालाई राष्ट्रिय चेतनायुक्त काव्य भनेका छन् (पृ. २२३) । वास्तवमा देशको भूगोल र यस भूगोलभित्रका नेपाली जातिहरूको आवाज प्रवाह भएको कृति नै राष्ट्रिय चेतनायुक्त कृति हो ।

कृष्णप्रसाद घिमिरे (२०६९) ले 'कृष्णहरि बरालका गीतमा राष्ट्रवादी स्वर' लेखमा राष्ट्र, राष्ट्रियता र राष्ट्रिय चेतनाको सन्दर्भलाई यसरी प्रस्तुत गरेका छन् : "राष्ट्रिय भावना जगाउने र राष्ट्रको गौरवगाथामा आफूलाई समर्पित गर्दै राष्ट्रोत्थानमा कटिबद्ध रहने गीतकार नै राष्ट्रवादी गीतकार मानिन्छ" (पृ. ४४) । हेमचन्द्र नेपाल (२०७५) ले 'राष्ट्र कविका काव्यमा राष्ट्रिय चेतना' शीर्षकको लेखमा आधुनिक चेतना, जातीय चेतना, स्वातन्त्र्य चेतना, शौर्य चेतना, भाषिक चेतना, सामरिक चेतना, प्रतिऔपनिवेशिक चेतना, मृत्यु चेतना, लय चेतना गरी नौ ओटा उपशीर्षकका आधारमा माधव घिमिरेका कृतिहरूमा राष्ट्रिय चेतनाको खोजी गरेका छन् (पृ. ६-१०) । गोमा (२०४१) ले 'चाँदनी शाहका गीतमा राष्ट्रिय स्वर' शीर्षकको लेखमा चाँदनी शाहका गीतमा राष्ट्रियता, प्रकृति चित्रण, उपदेश

आदिका माध्यमबाट राष्ट्रिय स्वर स्थापित भएको बताएकी छन् (पृ. १०-१५) । देवी नेपाल (२०७८) ले 'माटोको सुगन्ध पोखिएका गजलहरू' शीर्षकको लेखमा राष्ट्रिय चेतनालाई परिवर्तनप्रति चिन्ता, गरिबी र युद्धको त्रास, जन्मस्थल र जन्मघरको माया, गाउँको जिउँदो चित्र, अशिक्षा र गरिबीको पीडा, त्यागमा किसानी संश्लेषण, सहरियापनप्रतिको वितृष्णा, जातीय एवम् सांस्कृतिक प्रभाव, विदेशी पीडा गरी नौओटा उपशीर्षक राखी विश्लेषण गरेका छन् (पृ. ३८-४३) । रजनी ढकाल (२०७०) ले 'देवकोटाका निबन्धमा राष्ट्रिय चेतना' शीर्षकको लेखमा नेपाल र नेपाली जातिसम्बन्धि लेखकको चिन्तन, चासो र त्यसप्रतिको उदात्त भावनालाई व्याख्या गरी राष्ट्रिय चेतनाका रूपमा प्रस्तुत गरेकी छन् (पृ. १०-१४) । यसरी विभिन्न समालोचकहरूले कृतिभित्र अन्तर्निहित राष्ट्रिय भावनालाई आधार बनाएर राष्ट्रिय चेतनाका रूपमा कृतिको समीक्षा गर्दै आएका छन् । उनीहरूले विषय अनुकूल विभिन्न उपशीर्षक राखी कृतिको विश्लेषण गरेका छन् । कतिपय समालोचकहरूले भने राष्ट्रिय चिन्तनको आधारसमेत तयार पारेका छन् । ताराकान्त पाण्डेय (२०७३) ले 'राष्ट्रिय चिन्तनको विकासमा लक्ष्मीप्रसाद देवकोटाको योगदान' शीर्षकको लेखमा राष्ट्रिय चिन्तनको स्वरूप प्रस्तुत गरेका छन् । उनले यस लेखमा राष्ट्रिय चिन्तनको स्वरूपलाई (क) भौगोलिक सार्वभौमिकतासँग जोडिएर देखिने राष्ट्र निर्माणको चेतना (ख) साम्राज्यवादी आक्रमण, विस्तारवादी हस्तक्षेप तथा असमान सन्धि सम्झैता विरुद्धको चेतना (ग) स्वदेशी माटो, राष्ट्रिय प्रकृति र नेपाली जीवनप्रतिको प्रेम (घ) भाषाप्रेम, जातिप्रेम तथा जातीय सद्भावको चेतना (ङ) जनतन्त्रको विकास र अधिकार प्राप्तिको लडाइँको चेतना (च) जनजीविकाका समस्याप्रतिको चिन्ता र चासो तथा सुन्दर न्यायपूर्ण समाज निर्माणको चेतना । गरी छ ओटा उपशीर्षकमा समेटेका छन् (पृ. २७१-२७३) ।

सञ्जीव उप्रेती (२०६४) ले हामी औपनिवेशिक मानसिकताबाट मुक्त हुनुपर्ने धारणा प्रस्तुत गरेका छन् । उनले पश्चिमेली भाषा र संस्कृतिको कारण उत्पन्न हुने हीनभावना र हाम्रो आफ्नो संस्कृति, पश्चिमेली संस्कृतिभन्दा कमजोर छ भन्ने विचारबाट मुक्त हुनुपर्ने धारणा राखेका छन् (पृ.२०७) । उनको यस विचारले राष्ट्रिय चिन्तनमा मानसिक औपनिवेशिकताबाट मुक्तिको कामना पनि पर्ने कुराको सङ्केत गर्दछ ।

उल्लिखित विद्वानहरूले अलग-अलग परिवेशमा प्रस्तुत गरेका राष्ट्रिय चेतनासम्बन्धी धारणाहरूलाई एकीकृत गरी निम्नानुसारका बुँदामा यसलाई सामान्यीकृत गर्न सकिन्छ :

(क) औपनिवेशिक मानसिकताबाट मुक्तिको कामना

(ख) न्यायपूर्ण समाज निर्माणको चेतना

(ग) राष्ट्रिय प्रकृतिप्रतिको प्रेम

(घ) विस्तारवादी हस्तक्षेप विरुद्धको चेतना

(ङ) आन्तरिक द्वन्द्व विरुद्धको चेतना

(च) जातीय तथा भौगोलिक एकत्वको भावना

प्रस्तुत अध्ययनमा यिनै बुँदालाई सूचक मानी राष्ट्रिय चेतनाको खोजी गरिएको छ ।

## विश्लेषण र परिणाम

*समयका सम्भावनाहरू* निबन्धसङ्ग्रहभित्र नेपाली जनजीवनका विविध पक्षहरूका बारेमा प्रकाश पारिएको छ। यसमा वर्तमान नेपाली समाजमा विद्यमान विविध विषयवस्तुहरू प्रस्तुत गरिएको छ। श्रीओम श्रेष्ठले आफ्ना निबन्धहरूमा विषयगत विविधता ल्याएका छन्। आत्मपरकताको उचित निर्वाह गर्दै संस्मरण प्रधान तथा बौद्धिक तर्कप्रधान निबन्धमा श्रीओमको हात बढेको छ (दाहाल ई. २०१७) । यो देश आज जाडोले कठाङ्ग्रिएको छ । देशका संवेदनशील स्रष्टाहरूले सबैभन्दा बढी चिसोपनको अनुभव गरिरहेका छन्। वर्तमानको देशमा कटकटिएको जाडोबाट श्रीओमको चेतनशील हृदय पनि विदीर्ण र विषाक्त बनेको छ (मिश्र २०५९, पृ. ७) । आज प्रत्येक देशवासीलाई के कुरो थाहा भइसकेको छ भने हाम्रो देशको विकास हुनु अत्यावश्यक छ । साहित्यकार त सबभन्दा संवेदनशील र भावप्रबल प्राणी भएकाले देश विकासका लागि सधैँ चिन्तित रहन्छन् र देशवासीहरूलाई प्रेरणा एवम् प्रोत्साहन दिइरहन्छन् (राकेश २०५५, पृ. ५५) । श्रीओम श्रेष्ठ राष्ट्रमा बढ्दै गएका विकृतिप्रति सचेत रहेका छन् । उनले यस सङ्ग्रहभित्र व्यक्त गरेका राष्ट्रिय चेतनालाई निम्नानुसारका शीर्षकहरूभित्र आवद्ध गरी विश्लेषण गरिएको छ :

### औपनिवेशिक मानसिकताबाट मुक्तिको कामना

नेपाल कहिल्यै पनि कुनै देशको उपनिवेश हुनु परेन । यो देशका वीर सपुतहरूले विश्व नै उपनिवेशीकरण भइरहेको अवस्थामा पनि आफ्नो देशलाई जोगाएका थिए। भीमसेन थापा र त्यसपछिका राणा शासकहरूले ब्रिटेनसँग एउटा अनौठो सम्बन्ध स्थापित गरे; जसले तात्कालीन शासक र जनताहरू पृथक् हुन् भन्ने भावना विकसित गरायो । यस्तो आन्तरिक औपनिवेशिकवादका रूपमा सुरू भएको औपनिवेशिक मानसिकता विस्तारै युरोपेलीहरू विशिष्ट हुन् र हामी कमजोर भन्ने स्थितिमा परिवर्तन भयो (उप्रेती २०६४, पृ. २०५) । अहिले यो मानसिकता घट्नुको सट्टा बढ्दै गएको पाइन्छ। युवा र प्रौढमात्र होइन; ससाना बालबालिका पनि विभिन्न भिडियो गेम तथा युटुबमा प्रसारित साधनमा अधिकांश समय व्यतीत गरिरहेका हुन्छन् । अझ बोली पनि नफुटेका बालबालिकाहरू कार्टुन नहेरी खाना पनि खाँदैनन् । यसरी बाल्यकालमै उनीहरूको पहिलो रूचिको भाषा नै हिन्दी र आदर्श नै उनीहरूद्वारा सिर्जित कार्टुन तथा युटुब च्यानल सञ्चालक बन्न गएका छन्। यस नवनिर्मित नवऔपनिवेशिकताको रूपले हाम्रो देशलाई कुन स्थानमा पुऱ्याउने हो त्यो हेर्न बाँकी नै छ।

श्रीओम त यस अवस्थासम्म पुगेका छैनन् तर उनले आजको औपनिवेशिक मानसिकताका पृष्ठभूमिलाई *मार्फत-मार्फतहरू* निबन्धमा विस्तृत ढङ्गले व्याख्या गरेका छन् :

> हामीले आफ्नो आत्मामा जति विशाल राष्ट्रियताको झण्डा फरफराए पनि हाम्रो केही जोर चल्दैन । एक प्रकारले हामीलाई त्यही भोगाइएको छ, त्यही रटाइएको छ, त्यही देखाइएको छ र त्यही सिकाइएको पनि छ । भन्नलाई हामी सधैँ गौतम बुद्धको र कहिले उपनिवेश नबनेको स्वतन्त्र देश भन्छौँ तर हामी नदेखिने सिक्रीले बाधिएजस्तै इतिहासदेखि उपनिवेशबाट मुक्त हुन सकेका छैनौँ । (पृ. ९३)

निबन्धकारले हामीलाई 'मार्फत-मार्फतहरू' निबन्धमा हाम्रो वास्तविकता सम्झाएका छन् । तर हामी हाम्रो वास्तविकतालाई लुकाएर कहिल्यै उपनिवेश नभएको मुलुक भनी फुर्ती लगाउँछौँ । भित्रभित्रै औपनिवेशिक सोचको शिकार भएको थाहा पाउँदैनौँ । निबन्धकारले यही मार्मिक र यथार्थताको चित्रण *मार्फत-मार्फतहरू* निबन्धमा गरेका छन् । इतिहासदेखि हामीमा अरूको संस्कृति, भाषा, भेष आदिले मानसिक प्रभाव पारेकै छ । हामी आफ्नोलाई तुच्छ ठानी अन्यलाई आदर्श ठान्छौँ । त्यसैले हामी मानसिक औपनिवेशिकताबाट गुज्रिरहेका छौँ । हाम्रो समाजमा इतिहासदेखि क्रमश मौलाउँदै गएको मानसिक औपनिवेशिकता अझ बढी फैलिँदो छ । यही हाम्रो मानसिक औपनिवेशिकताप्रति श्रीओम रोदनले हामीलाई सचेत बनाएका छन् र यो निबन्धले हामीलाई मानसिक रूपमै स्वतन्त्र अनुभव गर्न प्रेरित गरेको छ, त्यसै गरी *हामी र हाम्रो स्वार्थ* निबन्धमा पनि निबन्धकारले मानसिक औपनिवेशिकताको स्वरूप प्रस्तुत गरेका छन् :

> हामी नजिकैको कुनै पनि कुरालाई वास्ता गर्दैनौँ । तर त्यही कुरा दुई पाइला पछाडि परेपछि मात्र ध्यान दिने गर्दछौँ । त्यसै त हामी हाम्रो कला, संस्कृति र साहित्यको कुराहरू स्वदेशका प्रबुद्ध व्यक्तिहरूले भनेकोभन्दा मूर्ख भए पनि गोरो छालाले भनेको कुरामा विश्वास गर्दछौँ । विदेशी वा गोरा छाला भन्नासाथ ठूलै मान्छे भन्ने प्रवृत्ति हामीमा छ । हामी आफ्नै शहर बजार वरिपरिको घटनामा आफै गएर प्रत्यक्ष हेरेर पनि विश्वास गर्दैनौँ । तर बी. बी. सी. र अल इन्डिया रेडियोले भनेपछि विश्वस्त हुन्छौँ । हामी सोचाइमा नै कुण्ठित भइसकेका छौँ । त्यसैले गोरखापत्र पढ्नेलाईभन्दा राइजिङ् नेपाल पढ्नेलाई र स्वदेशीभन्दा विदेशी भाषाका पुस्तक बोक्नेलाई विद्वान्का रूपमा हेर्छौँ । हामी आफ्नो मौलिकता र राष्ट्रियतामा कहिले गर्व गर्दैनौँ र हामी भित्र पनि केही छ भन्ने कुरामा ध्यान दिदैनौँ । (पृ. ७५)

प्रस्तुत निबन्धांशमा श्रीओम रोदनले हाम्रो मानसिक यथार्थतालाई सूक्ष्म ढङ्गले व्याख्या गरेका छन् । हामी हाम्रा समस्त आफ्ना कुराहरूमा विश्वास गुमाउँदैछौँ । आर्थिक, सामाजिक रूपमा मात्र नभई हाम्रो मानसिकता नै औपनिवेशिकताको शिकार भएको निबन्धकारको ठहर छ । यो यस निबन्धभित्र सीमित भएको विषय मात्र नभई समग्र

नेपालीको साझा सोचाइको चित्रण पनि हो । यस्तो मानसिक औपनिवेशिकताको शिकार हुनु अनुचित हो भन्ने निबन्धकारको धारणा रहेको छ । मानसिक औपनिवेशीकरण हुनु राष्ट्रियता विरोधी कार्य भएकाले यस्ता कार्यको विरोध उनले गरेका हुन् ।

राष्ट्रियता भौतिकतामा मात्र सीमित हुँदैन । यो त मानसिक रूपमा पनि विकसित हुनु पर्दछ । मानसिक रूपमा अरूको दास भएपछि आफू स्वतन्त्र छु भनी फुर्ती लगाउनु अल्पज्ञान सिवाय केही पनि होइन । यो कुराको मनन हामीले गर्न नसकेकै कारण हामी स्वतन्त्र छौँ भन्दै मानसिक औपनिवेशिक भएर बसेका छौँ । मानसिक औपनिवेशिकताको प्रभाव हाम्रा हरेक कुरामा परिरहेको छ । हामी हाम्रा सन्तान विदेशी कला संस्कृतिमा रमाएको देख्दा आनन्दित हुन्छौँ । नेपालको पढाइ, रोजगारी आदिमा हाम्रा सन्तान लागेका छन् भन्नु भन्दा विदेशमा पढ्छन् वा रोजगारी गर्छन् भन्न पाउँदा आफू ठूलो भएको ठान्छौँ । हाम्रो समाजमा विद्यमान यस्तै मानसिक औपनिवेशिकताको विरोध श्रीओमले आफ्ना निबन्धहरूमा प्रस्तुत गरेका छन् । राष्ट्रिय चेतना प्रबल भएकै कारण उनले आफ्ना निबन्धहरूमा उल्लिखित विचारहरू प्रस्तुत गरेका हुन् ।

**न्यायपूर्ण समाज निर्माणको चेतना**

हाम्रो बोलीमा न्यायको वकालत गर्ने र व्यवहारले सधैँ अन्यायमा अग्रसर रहने प्रचलन छ । जसले अरूलाई समान व्यवहार गर्ने र समानतायुक्त समाजको नारा दिन्छन् तिनै व्यक्तिहरू अनेक तरिकाले अरूमाथि अन्याय गरिरहेका हुन्छन् । बोलीमा राम्रो र व्यवहारले जनताप्रति अन्याय गर्ने राष्ट्रियता विरोधी हुन् । यस्ता राष्ट्रियता विरोधी प्रवृत्तिहरूको चित्रण श्रीओमले आफ्नो *मूर्ख र मन* निबन्धमा निम्नानुसार प्रस्तुत गरेका छन् :

> पैसाकै निम्ति आफ्नो स्वाभिमान बेच्ने, पैसाकै निम्ति आफ्नो रुचि र आकाङ्क्षालाई तिलाञ्जलि दिनु, पैसाकै निम्ति आफ्नो निष्ठा, धर्म र इमान्दारीको लिलामी गर्नु, पैसाकै भरमा आफ्ना जन्मदाता वा आफ्नो माटोलाई धोका दिनु-दिनेहरू कुनै पनि हालतमा र कहिले पनि सुखी/खुसी हुँदैनन् र हुनै सक्दैनन् । (पृ. ३६)

प्रस्तुत निबन्धांशमा मानिसले पैसाका निम्ति जेसुकै पनि गर्ने प्रवृत्तिहरूको चित्रण गरिएको छ । मानिसहरू आफ्नो स्वाभिमान गुमाएर पैसामुखी बन्दै छन् । ती मानिसहरू पैसाकै निम्ति अत्यन्त नीच कार्यहरू समेत गर्छन् । यस्ता मानिसहरू पैसाको निम्ति आफ्नो माटोलाई समेत धोका दिन्छन् । आफ्नो राष्ट्रलाई धोकादिई राष्ट्रवासीलाई रुवाएर पैसा कमाउनेहरू सुखी र खुसी हुन नसक्ने ठहर निबन्धकारको रहेको छ । त्यसैले यस्ता मानिसबाट न्यायपूर्ण समाजको निर्माण हुन सक्दैन भन्नेप्रति *निस्तोपत्र* निबन्धमा निबन्धकारले स्पष्ट पारेका छन् :

> ठ्याक्कै हाम्रो मुलुकको नियमजस्तो जता हेरे पनि हुने, कानुनहरू लेखिएजस्तो व्यवहारिक हुन सकेका छैनन् । हुनुपर्नेहरू कतै केही हुन सकेका छैनन्, नहुनु

> पर्नेहरू फटाफट भइरहेका छन् । नेताहरू चुनावमा उठ्दा जुन विश्वास दिलाउँछन् त्यो कसैले गर्न सकेका छैनन् । नेता र बोलीमा सत्यता हुने भए न नेताले राजनीति गरिरहन सक्थ्यो न देश यसरी घट्ने र ओर्लने भइरहन्थ्यो । (पृ. २५)

उल्लिखित सन्दर्भ देशभित्र भइरहेको राजनीतिक विकृतिमा केन्द्रित छ । मानिसले ढाँट, छल र झुटा आश्वासन बाँढ्ने र अधिकारीहरूले समयमा काम नगर्ने प्रवृत्तिले देश अधोगतितिर उन्मुख हुँदै छ भन्ने आशय निबन्धकारले व्यक्त गरेका छन् । राष्ट्रलाई सुव्यवस्थित बनाउन कानुन बनेका छन् । ती कानुनहरूलाई कार्यान्वयन गराउने राजनैतिक व्यवस्था छ तर तिनै कानुनलाई कार्यान्वयन गराउने राजनीतिज्ञहरू बारम्बार जनतालाई भ्रममा राखेर पद र पैसामा लिप्त भएकै कारण हाम्रो देश अधोगतितिर बढिरहेको छ । यस्ता विकृतिहरू न्यायपूर्ण समाज निर्माणका लागि अवरोध बनेका छन् जसका कारणले राष्ट्र र राष्ट्रियता कमजोर बन्दै गएको कुरा *स्वादको भ्रम* निबन्धमा निबन्धकारले प्रस्ट पारेका छन् :

> यो देश यस्तै छ - यदि तपाईं आर्थिक रूपमा शक्तिशाली हुनुहुन्छ भने तपाईं जे पनि गर्न सक्नुहुन्छ । आफ्नो पाखुरामा बल छउन्जेल अर्काको लागि अर्काको माटोको सपथ खाए पनि बुढ्यौलीमा स्वदेश फर्केपछि राष्ट्रिय गीत गाएर गो. द. बा. पाउन सक्नुहुन्छ । पैसा खेलाउन सक्नु हुन्छ भने जीवनभर असामाजिक र उच्छृङ्खल काम गर्नुहोस् र पाटीमा भेटी चढाएर उमेद्वार र नेता बन्नुस् र ठोक्न सक्नु हुनेछ नैतिकताका प्रवचनहरू । पैसा छ भने तपाईं सदैव शक्तिशाली बन्नुहुनेछ र जहिलेसुकै राजनीतिको डोरी समाएर वैतरणी तर्न सक्नुहुनेछ । (पृ. ४०)

वास्तवमा शक्तिकेन्द्रमा रहेका व्यक्तिहरूले नै शक्तिको दुरुपयोग गर्ने गर्छन् । शक्ति पैसाबाट प्राप्त हुन्छ । आफ्नो ऊर्जाशील जीवन विदेशमा खर्च गर्ने र राष्ट्रलाई आवश्यक परेका बेला विदेश पलायन हुनेहरू बुढेसकालमा राष्ट्रिय गान गाउनासाथ राष्ट्रिय व्यक्तित्व ठहरिँदै छन् । तिनीहरूलाई सम्मान गर्ने राजनीति संयन्त्र यहीँ बसेर पसिना बगाउनेप्रति उदासीन छ । आर्थिक रूपमा संवृद्ध हुनेप्रति राज्यको दृष्टिकोण नै फरक रहन्छ । उनीहरूलाई आम नागरिकभन्दा भिन्न दृष्टिले हेर्ने हाम्रो प्रचलन रहेको छ । अझ अहिलेको समाजमा जोसँग पैसा छ; त्यो नै सर्वश्रेष्ठ ठहरिन्छ । उसका असत्कार्यहरू सत्मा परिणत हुन्छन् । पैसा भएको हरिलठ्ठक पनि सर्वज्ञानी ठहरिने हाम्रो सामाजिक तथा राजनैतिक विकृतिलाई श्रीओम रोदनले आफ्ना निबन्धमा चित्रण गरेका छन् ।

हाम्रो देशको राजनैतिक प्रवृत्ति समतामूलक बन्न सकेको छैन । समाजका अराजक, भेदभावपूर्ण व्यवहार, आर्थिक सामाजिक विकृतिहरू राष्ट्रियता विरोधी हुन् । यस्ता व्यवहारहरूको चित्रण रोदनले आफ्ना निबन्धहरूमा गरेका छन् । समाजका यस्ता असमान

व्यवहारप्रति उनी सचेत छन् । यस्ता व्यवहारले न्यायपूर्ण समाज निर्माण हुन सक्दैन भन्ने चेतना भएकै कारण उनले आफ्ना निबन्धहरूमा यी विषयलाई समावेश गरेका हुन् ।

## राष्ट्रिय प्रकृतिप्रतिको प्रेम

आफ्नो राष्ट्रभित्र विद्यमान समग्र वस्तुहरूप्रति सकारात्मक सोच तथा तिनीहरूका राम्रा गुणहरूलाई प्रश्रय दिने विचार नै राष्ट्रिय चिन्तन हो । अन्यत्रको वस्तु वा चिज नभई आफ्नो देशको भूगोल तथा यस भूगोलभित्रका वस्तु वा चिजलाई प्रेम गर्नु र त्यहाँ भएका विकृत पक्षहरूमा सुधारको अपेक्षा गर्नु पनि राष्ट्रिय चिन्तनको अंश हो । श्रीओम रोदन पनि आफ्नो *डायरीको एक* दिन निबन्धमा देशभित्र रहेको सुन्दर प्रकृतिको विनाशप्रति आक्रोश प्रकट गर्छन् :

> हामी मन्दिरमा अचाक्ली धनी छौँ तसर्थ जे हुँदा पनि मन्दिरमा नै पुग्छौँ र पुऱ्याउँछौँ पनि । त्यही पुगेर मर्न लागेकालाई धर्मको नाममा विष पिलाउँछौँ । बाँचुन्जेल जसोतसो प्रदूषणपथ्य भए पनि जीवनको अन्तिम घडीमा कसरी सुपाच्य हुन सक्छ त्यो प्रदूषित जल ? सकुन्जेल हामी त्यही आ-आफ्नो मलमूत्र बगाउँछौँ र असक्त भएर बाँच्न नसक्ने भएपछि फेरि त्यही जलका रूपमा ग्रहण गर्छौँ । कति पापी भएछौँ हामी ? हामीले गरेको कर्मको फल धर्मका नाममा जिउँदै हुने गरेको छ । नदीलाई फोहोर सफा गर्ने मेशिन(शु.मेसिन) बनाउँछौँ, मर्नुअघि खानुपर्ने त्यही पानी हो भन्ने सम्झदैनौँ । (पृ. ५४)

हाम्रो धर्म संस्कृति र प्रकृतिप्रति सचेत छ । हाम्रो धर्मले नदीलाई पवित्र मान्छ भने वनजङ्गललाई तपोभूमि । मर्नुअघि पवित्र नदीको जल मुखमा परे स्वर्ग पुगिन्छ भन्ने विश्वास हामी गर्छौँ । हामी धर्मको आस र पापको त्रासले पनि मृत्युअघि पवित्र मानिएको बागमती लगायतका नदीहरूको जल मुखमा चढाउँछौँ । यस्तो पवित्र मानिएको नदीमै निर्धक्कसँग हामी मलमूत्र विसर्जन गर्छौँ । विशेष गरी काठमाडौँ उपत्यका भित्रका यस्ता पवित्र नदीहरूलाई हामीले ढलका रूपमा परिणत गरिसकेका छौँ । यस्तो प्राकृतिक सुन्दरतामा प्रदूषण फैल्याउने खराब प्रवृत्तिको रोदनले विरोध गरेका छन् । प्रस्तुत निबन्धांशमा पाप र पुण्यको चर्चा गरे पनि मूल आशय भनेको आफ्नो देशको प्रकृतिलाई संरक्षण गर्नुपर्छ र यसको सुन्दरतामा कमी आउन दिनुहुँदैन भन्ने रहेको छ ।

## विस्तारवादी हस्तक्षेप विरुद्धको चेतना

आफ्नो देशको भूगोलप्रति सबैलाई प्रायः माया लाग्छ नै । समयको कालखण्डमा शक्तिसम्पन्न राष्ट्रले कमजोर राष्ट्रमाथि थिचोमिचो गर्छन् । सामाजिक, आर्थिक, सांस्कृतिक हुँदै यस्तो थिचोमिचो भौगोलिक हस्तक्षेपसम्म अघि बढ्छ । यस्तो प्रकारको थिचोमिचो भएको अवस्था र हुनसक्ने अवस्था समेतलाई मध्यनजर गरी त्यसप्रति सचेत रहनु पनि

राष्ट्रिय चेतनाको अर्को अंश हो । श्रीओम रोदन यस प्रकारका विषयप्रति पनि सचेत छन् भन्ने कुरा उनको *मार्फत-मार्फतहरू* शीर्षकको निबन्धबाट बुझ्न सकिन्छ :

> समय दिन प्रतिदिन खतरा बन्दै गएको छ । साथी देशले साथी देशलाई सपेरोको सर्प बनाउँदै लगेको छ । यसर्थ पृथ्वीनारायणले हामी नेपाली र हाम्रो नेपाललाई एकीकृत गर्दाको इतिहास नबिर्सने हो भने धेरैपटक सोच्नु पर्ने बेला आइसकेको छ । साथीहरूको नियत बुझिसक्नुको छैन । पूर्वको जङ्गे पिलरहरू वरवर सर्दैछन्, पश्चिममा महाकाली नदी काटिदै सुक्दै छ, उत्तरमा सङ्गीनधारी सैनिकहरू मार्चपास गरेर शक्ति प्रदर्शन गरिरहेका छन् । यो क्रमलाई मौन बसेर सहमति प्रकट गर्दै जाने हो भने, हामी आफै दुखेर (शु. दुःख मानेर) मात्र बसिरहने हो भने, नेताहरूलाई देशको माटो, पानी र संस्कृतिमा ल्याप्चे लगाउन सघाउँदै जाने हो भने हामी ताछिदै ताछिदै उपत्यका र अधिराज्यकोपनि नक्सालाई परिवर्तन गराउन बाध्य हुनेछौं । ती समयलाई स्वीकार गरिरहने हो भने यो समय आइपुग्न समय लाग्ने छैन । (पृ. ९५)

आफ्नो कमजोरी अरुसामु प्रस्तुत गर्दा निश्चय नै त्यसको फाइदा उनीहरूले उठाउँछन् नै । विस्तारवादीहरूका रूप समयसँगै परिवर्तन भइरहेका छन् । पहिले जमिन मात्र विस्तार गर्नेहरू अहिले भाषा, कला, संस्कृति लगायतका कुराहरूमा पनि हस्तक्षेप गर्न थाल्दै छन् । दक्षिणतर्फ रहेको मुलुकले सीमा सार्दै लगेको र हाम्रो राजनैतिक नेतृत्व यस्ता विषयप्रति उदाशीन भएको छ । दक्षिण तिरको मुलुक मात्र होइन; उत्तरतिरको मुलुक पनि मौकाको पर्खाइमा रहेको हुनाले हामी बेलैमा सचेत हुनुपर्ने भाव लेखकको रहेको छ । मुलुक सञ्चालकको जिम्मा लिएका नेताहरू यी कुराप्रति मूकदर्शक बन्नु हाम्रालागि चिन्ताको विषय हो । राज्य सञ्चालनको जिम्मा लिएका नेताहरू सीमा रक्षाको कार्यमा लागेका छैनन् । उनीहरू पदलोलुपताका कारण छिमेकी मुलुकको अतिक्रमण रोक्न इच्छुक देखिँदैनन् । यसप्रति श्रीओम रोदनले असन्तुष्टी प्रकट गरेका छन् । यो असन्तुष्टीलाई मार्मिक ढंगले प्रस्तुत गरेर निबन्धकारले आफूमा राष्ट्रको संरक्षणको चेतना रहेको छ भन्ने प्रष्ट पारेका छन् ।

## आन्तरिक द्वन्द्व विरुद्धको चेतना

राज्य सत्ताले गरेका ज्याजदी विरुद्ध जनताहरू आन्दोलित हुन्छन् र हुनु पर्दछ पनि । यो आन्दोलित हुनु र निरङ्कुशताको विरुद्ध संघर्ष गर्नु आफैमा राष्ट्रियताको पक्षमा उभिनु पनि हो । यसरी राष्ट्रियताको पक्षमा उभिएका जनता विरुद्ध भएका हत्या हिंसाले राष्ट्रियतालाई करजोर बनाउँछ । यस्ता हत्या हिंसा राज्यको पक्षबाट भए पनि बिद्रोही अथवा राज्य परिवर्तनका पक्षधरबाट भए पनि आखिरमा कमजोर हुने राष्ट्रियता नै हो । नेपालमा गणतन्त्र स्थापनार्थ भएको सशस्त्र द्वन्द्वमा जनता-जनता बीचमा हत्या हिंसाको

लामो शृङ्खला चले पनि निष्कर्ष भने शान्तिपूर्ण आन्दोलनबाटै प्राप्त भएको थियो । अत : राज्यभित्र विद्यमान हत्या हिंसा विरुद्ध आफ्ना अभिमत व्यक्त गर्नु पनि राष्ट्रिय चिन्तन अन्तर्गत नै पर्ने कुरा अकाट्य रहेको छ । यस्तो चिन्तन निबन्धकारले *देश दुखेको खबर* निबन्धमा निम्नानुसार व्यक्त गरेका छन् :

> यो हत्या र हिंसाले जसलाई दुखाए पनि नेपाली नै दुख्छौँ । नेपाल आमाकै सन्तान गुमाउँछन् । त्यसैले मलाई के विश्वास छ भने जसले जसलाई दुखाउँदा पनि दुख्ने मात्र होइन दुःख दिने पनि दुखिरहेका छन् । मर्नेका परिवारमात्र होइन मार्नेहरू पनि समान शोक मनाइरहेका छन् । देखाउनु र नदेखाउनु कुरो अर्को हो । (पृ. १०८)

वि.सं. २०५० को दशक र ६० को दशकको आरम्भसम्म नेपालमा जुन प्रकारको आन्तरिक द्वन्द्व र मारकाटको स्थिति नेपालमा थियो त्यसले नेपालीहरूलाई नै पीडा दिइरहेको थियो । यस द्वन्द्वमा जो मरे पनि नेपाली नै मर्थे । त्यसैले मारिनेका मात्र नभई मार्नेका परिवारमा पनि पीडा थियो भन्ने कुरा श्रीओम  आफ्नो देश दुखेको खबर निबन्धमा व्यक्त गर्छन् । कृष्ण गौतम (२०६४) ले 'उत्तरआधुनिक स्पर्शमा श्रीओमको निबन्धकला' शीर्षकको लेखमा श्रीओममा राष्ट्रिय चेतना प्रगाढ रहेको बताएका छन् । उनले राष्ट्रिय अस्तित्वको, जातीय अस्तित्वको सवालमा श्रीओमजस्ता सहृदयी लेखकको मानसिकता अभिमुख हुनु उचित रहेको बताएका छन् ( पृ. ३५५) । जातीय अस्तित्व समाप्त हुने गरी नेपालमा भएको आन्तरिक द्वन्द्वले कसैको पनि भलो नहुने विचार श्रीओमले आफ्ना निबन्धहरूमा व्यक्त गरेका छन् ।

## जातीय तथा भौगोलिक एकत्वको भावना

नेपाली जाति र नेपाली भूगोलप्रतिको प्रेम र यी दुबैका आधारमा नेपाली बिच रहने एकताको भावना राष्ट्रिय चेतनाको अर्को पक्ष हो । नेपालभित्र रहेका विविध जातिहरूको समष्टि रूप र उनीहरू बिचका समग्र एकताका भावहरू राष्ट्रिय चतनाकै पक्षहरू हुन् । नेपाली भूगोल र यस भूगोलप्रतिको प्रेम भावको अभिव्यक्ति पनि राष्ट्रिय चेतनाको पक्ष हो । प्रस्तुत कृतिको *देश दुखेको खबर* निबन्धमा नेपाली जाति र नेपाली भूगोलप्रति प्रेम भाव व्यक्त गरिएको छ :

> हाम्रा संवेदना हामीबाट दिनप्रतिदिन टाढिदै गएका छन् । पहिले मेची पुलमा कुनै दुर्घटना हुँदा त्यसबाट अस्वस्थ भएकाहरूका स्वास्थ्यलाभको कामना महाकाली पुलमा हुन्थ्यो । देशका सबैको शान्तिको लागि शान्ति यज्ञ गर्ने हामी नेपाली थियौँ । पहिले टोल छिमेकमा कसैको मृत्यु हुँदा घरैपिच्छेबाट मलामी जाने र एकछाक छोड्ने संस्कृतिमा हुर्किएका हामी । नचिनेका जोकोहीको शव देख्दा मुखमा सुपाडी वा केही  छ भने थुक्ने हामी नेपाली, अहिले घरै जोडिएका छिमेकीको मृत्यु हुँदा वा हत्या हुँदा पनि पनि हामी नदुख्ने भएका छौँ । (पृ. १०७)

नेपाली जाति एक हुनुपर्छ; एकलाई पर्दा अर्कोले मद्दत गर्नु पर्छ; नेपालभित्रको भूगोलमा बसोबास गर्ने हामी नेपालीहरू हरेक दृष्टिले राष्ट्र र राष्ट्रियताको पक्षमा लाग्नुपर्छ भन्ने चेतना राष्ट्रिय चेतनाको अंश हो । प्रस्तुत निबन्धांशमा नेपालीहरू बिचको एकत्वको भावनामा खलल आएको विषय उठान गरिएको छ । अहिले हाम्रा संवेदनाहरू क्रमशः हराउँदै गएका छन्; जसले गर्दा हाम्रो राष्ट्रिय एकतामा कमी आएको छ भन्ने भाव लेखकले व्यक्त गरेका छन् । हाम्रा संस्कारहरू, भौगोलिक एकत्वको भावना, जातीय एकत्वको भावनाआदिमा क्रमशः फितलोपन आइरहेको कुराप्रति निबन्धकारले *मार्फत-मार्फतहरू* निबन्धमा असन्तुष्टि व्यक्त गरेका छन् :

> केही समयमात्र भएको छ महाकालीबाट फर्किएको । राजधानी भएर पुगेको म, फर्कदा महाकालीजस्तै दुख्ने भएको छु । महाकाली पुगेपछि महाकालीसँग हार्दिक अनुभूति आदानप्रदान नगरी बस्न सकिँदो रहेनछ । महाकालीसँग साउती गरेपछि, महाकालीको हृदय देखिन्छ र महाकालीको हृदयदेखेपछि समवेदनाले दुख्नसम्म दुख्दोरहेछ नेपाली छाती हुनेहरूलाई । (पृ. ८९)

प्रस्तुत निबन्धांशमा भौगोलिक एकत्वको भाव प्रस्तुत भएको छ । काठमाडौँमा बसोबास गर्ने लेखक महाकाली पुगेर आएपछि आफ्नो मनमा जागृत भएको भौगोलिक एकत्वको भाव प्रस्तुत निबन्धांशमार्फत व्यक्त गर्छन् । महाकाली सन्धीमा नेपाली पक्ष ठगिएको आशय लेखकको रहेको छ । त्यस ठाउँको स्थलगत अवलोकनपछि लेखक महाकाली सम्झैतामा हामी ठगिएको महसुस गर्छन् र त्यस कुराबाट आफूलाई अत्यन्त दुखेको भाव व्यक्त गर्छन् । यसबाट उनी लेखकमात्र नभई नेपाली मन भएका सम्पूर्णमा असर पर्ने भाव व्यक्त गर्छन् । यसप्रकार श्रीओभ श्रेष्ठ आफ्ना निबन्धहरूमा जातीय तथा भौगोलिक एकत्वमा कमी आएकोमा चिन्ता व्यक्त गर्छन् ।

## निष्कर्ष

श्रीओम श्रेष्ठ रोदनको *समयका सम्भावनाहरू* निबन्ध सङ्ग्रहमा नेपाली समाजमा विद्यमान समसामयिक विषयहरूलाई प्रस्तुत गरिएको छ । यस सङ्ग्रहमा नेपाली मन, मानसिकता, मानसिक चेतना र यी विषयप्रतिको गहन चिन्तन प्रस्तुत भएको छ । यस सङ्ग्रहभित्र सीमामा आवद्ध गर्न मिल्ने खालका राष्ट्रिय चेतनाहरू छरिएर रहेका छन् । उनको यस सङ्ग्रहमा राष्ट्रिय उल्लासभन्दा यहाँ विद्यमान विकृतिजन्य अवस्थाको चित्रण सूक्ष्म रूपमा गरिएको पाइन्छ । यी विकृतिहरू नै राष्ट्रलाई उचित मार्गमा जानबाट रोक्ने कुराहरू भएकाले त्यस विरुद्ध आवाज उठाउने कार्य श्रीओमले गरेका हुन् । हाम्रो मानसिकता, सामाजिक, आर्थिक, राजनैतिक आदि क्षेत्रमा विकार आएका छन् । यी विकारको समाधानले नै राष्ट्रलाई अग्रगामी बनाउने कुराप्रति निबन्धकार सचेत छन् । उनी आफ्ना निबन्धमार्फत् समाजलाई सत्य तथ्य विषय प्रस्तुत गरी सामाजिक व्यवहारहरू सुधार गर्न मार्ग निर्देश

गर्छन् । उनी हाम्रो देशमा एक क्षेत्रमा मात्र होइन; जतातत‌ै बेथिति र अनियमितता भएकोमा सम्पूर्ण नेपालीहरूलाई सचेत हुन आह्वान गर्छन् । उनको ध्येय बेथिति देखाउनु मात्र होइन । उनी त बेथिति देखाई त्यसको बोधगरी समाजले सत्मार्ग पक्रियोस् भन्ने चाहना रहेको कुरा प्रस्तुत *समयका सम्भावनाहरू* निबन्ध सङ्ग्रहमार्फत् व्यक्त गर्छन् । यसरी राष्ट्रमा विद्यमान विकृतिहरूप्रति गहिरो चिन्ता प्रकट गर्ने र त्यसको समाधान खोज्ने निबन्धकार श्रीओम रोदन हुन् । *समयका सम्भावनाहरू* निबन्धसङ्ग्रह राष्ट्रिय चेतनायुक्त छ र यसमा राष्ट्रप्रति गहिरो चिन्ता प्रकट गरिएको छ । त्यसैले श्रीओम श्रेष्ठ 'रोदन' राष्ट्रिय चेतना भएका निबन्धकार हुन् भन्ने कुरा यस अध्ययनबाट सिद्ध भएको छ ।

## सन्दर्भ सामग्रीसूची


अर्याल, दुर्गाप्रसाद (२०५७), 'राष्ट्रवाद', *निबन्धकार देवकोटाका दार्शनिक चिन्तन,* डा. कृष्णकुमार श्रेष्ठ निमित्त, काठमाडौँ : उदय बुक्स प्रा.लि.।

उप्रेती, गङ्गाप्रसाद (२०४६), *दृष्टिकोणका विविध बिसाउनी,* काठमाडौँ : प्रतिभा प्रकाशन ।

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

गोमा (२०४१), 'चाँदनी शाहका गीतमा पाइएका राष्ट्रिय स्वर', *चार नारी हस्ताक्षर,* काठमाडौँ : भगीरथ काफ्ले ।

गोमा (२०४६), 'नेपाली साहित्यमा राष्ट्रियता', *केही अनुसन्धानात्मक अभिव्यक्ति,* काठमाडौं : भगीरथ काफ्ले ।

गौतम, कृष्ण (२०५६), 'समसामयिक नेपाली कविता : नेपाली राष्ट्रिय चेतनाको नयाँ रूप', *सिर्जनाको सुवास,* ललितपुर : साझा प्रकाशन ।

गौतम, कृष्ण (२०६४), *उत्तरआधुनिक जिज्ञासा,* काठमाडौँ : भृकुटी एकेडेमिकल पब्लिकेसन्स ।

घिमिरे, कृष्णप्रसाद (२०६९), 'कृष्णहरि बरालका गीतमा राष्ट्रवादी स्वर', *अनुसन्धानात्मक समालोचना,* कीर्तिपुर : कला बुक सेन्टर ।

घिमिरे, भेषराज (२०६६), 'नेपालको राष्ट्रियतामा : वर्तमान सन्दर्भ', *उन्मेष,* त्रिवि प्राध्यापक संघ, रत्नराज्यलक्ष्मी क्याम्पसद्वारा प्रकाशित, अङ्क ११, पृ.९७–१०० ।

ढकाल, रजनी (२०७०), 'देवकोटाका निबन्धमा राष्ट्रिय चेतना', *मधुपर्क,* (४६/७, पूर्णाङ्क ५३४), पृ ११ ।

ढकाल, रजनी काफ्ले (२०७५), 'राजेश्वरी खण्डकाव्यमा राष्ट्रिय चेतना', *वाङ्मय.* (पूर्णाङ्क १६) पृ. २४ ।

दाहाल, खेम (सन् २०१७), श्रीओमका आत्मपरक निबन्धहरू : एक अवलोकन, https//www.samakalinsahitya.com अवलोकन मिति : २०७९/०२/२५ ।

नेपाल, देवी (२०७८), *कृति र प्रवृत्ति,* काठमाडौँ : ऐरावती प्रकाशन ।

नेपाल, हेमचन्द्र (२०७५), ‘राष्ट्रकविका काव्यमा राष्ट्रिय चेतना’, *मधुपर्क* .(५१/५, पूर्णाङ्क ५९२, पृ. ७ ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

पोखरेल, भानुभक्त (२०५७), ‘राष्ट्रिय चिन्तनको सन्दर्भ’, *साहित्यिक अनुशीलन.* (दो.सं.) ललितपुर : साझा प्रकाशन ।

पोखरेल, रामचन्द्र (२०७०), *नेपाली कविताको विवेचना,* काठमाडौं : काष्ठमण्डप पुस्तक घर ।

मिश्र, मनुजबाबु (२०५९), ‘निबन्धको निबन्ध’ (भूमिका) *समयका सम्भावनाहरू,* चितवन : चितवन वाङ्मय प्रतिष्ठान ।

राकेश, रामदयाल (२०५५), ‘नेपाली कविताको समकालीन स्वर’, *नेपाली साहित्य : विभिन्न आयाम,* ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, श्रीओम ‘रोदन’ (२०५९), *समयका सम्भावनाहरू.,* चितवन : चितवन वाङ्मय प्रतिष्ठान ।

सिवाकोटी, गोपाल (२०६४), ‘खण्डित राष्ट्रवादमा राष्ट्रियताको खोजी : राष्ट्रियता खतरामा छ’, *नेपालको सन्दर्भमा राष्ट्रवाद,* काठमाडौँ : मधुवन प्रकाशन ।